स्वतन्त्रता, समानता, सामाजिक न्याय र समाजवाद !

# दलित, पिछडावर्ग, थारू, आदिवासी र अल्पसङ्ख्यक परिसंघ

**Confederation of Dalit, OBC, Tharu, Indigenous Nationalities and Minorities (DOTIM Parisangh)**

**प्रारम्भ**

नेपालको इतिहासमा जातीय विभेद, अस्पृश्यता, सामाजिक असमानता र राजनीतिक उत्पीडनका कारण विभिन्न समुदायहरू शताब्दियौँदेखि बहिष्करण र सीमान्तीकरणको शिकार हुँदै आएका छन् । विशेष गरी दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, महिला, अन्य पिछडावर्ग र अल्पसंख्यक समुदायहरू राज्यको संरचनाबाट पर धकेलिएका छन् । यी ऐतिहासिक अन्यायहरू केवल सामाजिक सम्बन्धहरूमा मात्र सीमित थिएनन्, तिनले देशको राजनीतिक शक्ति संरचना, आर्थिक स्रोतमा पहुँच र प्रतिनिधित्त्व एवं सामाजिक अवसरहरूमा गहिरो असमानता निम्त्याएका छन् ।
शाह वंशको शासनकालमा, विशेष गरी नेपाल भौगोलिक र प्रशासनिक एकीकरण (१९६८-६९ ई.) अर्थात् गोरखा राज्यको विस्तारपछि, जनताको राजनीतिमा सहभागिता निकै सीमित थियो । यस अवधिमा नेपालमा केन्द्रिकृत एकाधिकारवादी शासन प्रणाली थियो, जसले जनसहभागितालाई प्रतिबन्धित गर्दथ्यो । केन्द्रिकृत सत्ता भएकोले राजाले नै सर्वोच्च निर्णयकर्ताको भूमिका खेल्दथे । सर्वसाधारण जनताको राजनीतिमा प्रत्यक्ष भूमिका हुँदैनथ्यो । प्रजातान्त्रिक प्रक्रियाहरू अस्तित्वमै थिएनन् । पृथ्वीनारायण शाहले हिन्दू धर्मलाई राज्य धर्मको रूपमा प्रवर्द्धन गरे, जसले नेपाली समाजमा रहेका अन्य धर्महरूप्रति धार्मिक र साँस्कृतिक विभेद कायम गरे । नेपाली भाषालाई नेपाली राष्ट्रिय एकताको प्रतिक बनाइयो र अन्य भाषाहरूलाई उपेक्षा गरिए । शाहकालमा नेपाली भाषा र हिन्दू धर्मलाई राज्यको मूल आधार बनाइयो, जसबाट दलित, महिला, आदिवासी जनजाति, अन्य पिछडावर्ग, थारू र अल्पसंख्यक समुदायहरू अधिकारबाट बन्चित भए ।

विगतका केही प्रमुख ऐतिहासिक अन्यायहरू यसप्रकार छन्-

१. जातीय तथा वर्गीय अन्याय : राणाशासनकाल (१८४६-१९५१ ई.) मा राणाहरूले आफ्नो शक्ति कायम राख्न जातीय विभेद, दमन र शोषण गरे । उनीहरूले ब्राह्मण, क्षेत्री, राणा परिवार र आफ्ना समर्थकहरूलाई मात्र अवसर दिए । दलित, आदिवासी, अन्य पिछडावर्ग, महिला, थारू र अल्पसंख्यक समुदायहरू माथि निर्मम शोषण र दमन गरे, जहाँ उच्च जातिले निम्न जातिको शोषण गर्दथे ।
२. राजनीतिक दमन : १०४ वर्षसम्म रहेको राणा शासनको निरङ्कुशताले जनताको मौलिक अधिकार हरण गरिएको थियो । निर्दलीय निरङ्कुश पञ्चायत प्रणाली (१९६०-१९९० ई.) ले लोकतन्त्र, नागरिक स्वतन्त्रता र जनताको मौलिक हकलाई अपहरण गरी निरङ्कुश सामन्ती अधिकनायकवादी व्यवस्था कायम गरे ।
३. भूमि र आर्थिक अन्याय : राणा शासनकालमा भूमि राणा परिवार र जमिन्दारहरूको हातमा केन्द्रित थियो, जबकि गरिब किसानहरू बाँच्नका लागि राणाहरूको बिर्ता (भूमि पट्टा) प्रणालीमा बाँधिएर बस्दथे । उनीहरूले चलाएको हुण्डी प्रथा, बेठबेगार, जसले गरिब किसानहरूलाई ऋणको जालमा फँसाएर शोषण गरिन्थ्यो । त्यसबेलाका बिर्ता प्रथा (जागिर प्रणाली), रकम प्रथा (कर योग्य जग्गा), गुठी भूमि, कुत प्रथा, बेठबेगारी प्रथाका कारण जमिन धनी सामन्त र जमिन्दारहरूको हातमा केन्द्रित भएको थियो । स्थानीय तह र प्रशासनद्वारा अनौपचारिक बस्तीहरूमा बसोबास गर्ने परिवारहरूलाई जबर्जस्ती विस्थापन गरियो, जसले दलित र थारू जस्ता अल्पसंख्यक समुदायहरूलाई बढी प्रभावित बनायो । राणा शासनकालीन भूमि व्यवस्थाले नेपाली किसानहरू खास गरी दलित, आदिवासी, थारू, अन्य पिछडावर्ग, अल्पसंख्यक समुदायहरूको जीवनमा ठूलो दबाब र शोषण ल्याएको थियो । उनीहरूको अवस्था अत्यन्तै दयनीय बनाएको थियो ।

४. लैङ्गिक असमानता र अन्याय : महिलाको अधिकार हरण गरी ऐतिहासिक रूपमा महिलाहरूलाई शिक्षा, सम्पत्ति र राजनीतिमा समान अधिकारबाट वञ्चित राखिएको थियो । सती प्रथाको नाममा केही समुदायमा विधवा महिलाहरूलाई पतिको चितासँगै जलाउने बर्बर प्रथा प्रचलित थियो ।
५. क्षेत्रीय विभेद र अन्याय : नेपालको एकात्मक केन्द्रिकृत शासन प्रणालीले मधेशी, थारू, आदिवासी जनजाति, दलित र अल्पसंख्यक समुदायहरूलाई राजनीतिक, आर्थिक र सामाजिक-साँस्कृतिक रूपमा पछाडि पाऱ्यो । क्षेत्रीय एवं जातीय समुदायहरूको संस्कृति र अधिकारमा चोट पुऱ्याइएको थियो ।
६. जातीय र अस्पृश्यता आधारित भेदभाव : नेपालमा प्राचीनकालदेखि जातीय व्यवस्था र अस्पृश्यता प्रचलित थियो । १८५३ ई.मा राणा प्रधानमन्त्री जंगबहादुरले जातीय विभेद र अस्पृश्यतालाई कानूनी मान्यता दिएका थिए, जसले दलित समुदायलाई सामाजिक, आर्थिक, राजनीतिक र शैक्षिक रूपमा मुख्यधाराबाट अलग राख्यो । विशेष गरी दलित महिलाहरू र बालबालिकाहरू हिंसाको शिकार भइरहेका छन् ।
७. अधिकार र स्रोत साधनमा असमान पहुँच : थारू, दलित, मुस्लिम, अन्य पिछडावर्ग, आदिवासी जनजाति र अल्पसंख्यक समुदायलाई शिक्षा, स्वास्थ्य र सरकारी सेवामा न्यूनतम् पहुँच प्राप्त भएको छ । उनीहरू सामाजिक, आर्थिक, राजनीतिक र शैक्षिक रूपले बहिष्करणमा पारिएका सीमान्तकृत समुदाय हुन् ।
८. महिलाहरूप्रति भेदभाव : नेपाली समाजमा महिलाहरूले सम्पत्ति, शिक्षा र राजनीतिमा भेदभाव भोल्नु परेको छ । महिलाहरूको स्रोत साधन, राजनीतिक र प्रशासनिक क्षेत्रमा पहुँच र प्रतिनिधित्व निकै न्यून रहेका छन् । उनीहरूले समान अधिकार र अवसर प्राप्त गर्न सकेका छैनन् । बालबिबाह, दहेज प्रथा, हिंसाजन्य शोषणले गर्दा उनीहरूको जीवन कठिन बनाएको थियो ।
९. आदिवासी जनजातिको उपेक्षा : राज्यले आदिवासी जनजातिको पहिचान र अधिकारलाई लामो समयसम्म नकारेको थियो । राई, लिम्बु, गुरूङ, मगर, तामाङलगायतका आदिवासी समुदायहरूलाई भूमि, भाषा र संस्कृतिबाट बेदखल गरिएको थियो ।

नेपालको वर्तमान संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राजनीतिक प्रणालीमा पनि विभिन्न समुदायहरूप्रति राजनीतिक, आर्थिक, सामाजिक-साँस्कृतिक, भेदभाव, असमानता र उपेक्षाको अन्त्य हुन सकेको छैन । नेपालको संविधान २०७२ ले सबै नागरिकलाई समान अधिकार, समानताको प्रत्याभूति दिएको भनिएतापनि दलित, आदिवासी जनजाति, थारू, महिला, मुस्लिम, अन्य पिछडावर्ग, अल्पसंख्यक समुदायहरू भेदभावको सिकार भएको देखिन्छ । संसद्, सरकार र निर्णय प्रक्रियामा प्रभुत्ववर्ग (खासगरी उच्च जाति-पहाडी बाहुन, क्षेत्री) को नै प्रभुत्व र वर्चस्व रहेको छ । मधेशी, आदिवासी जनजाति, दलित, महिला, अन्य पिछडावर्ग तथा अल्पसंख्यक समुदायको प्रतिनिधित्व संविधानले तोकेअनुसार पनि पुग्दैन ।

ऐतिहासिक रूपले विभिन्न समुदायहरूप्रति भए/गरिएका शोषण, अन्याय, विभेद र उपेक्षालाई राज्यले स्वीकार गरी सच्याउनु पर्दछ । राजनीतिक भेदभावले सामाजिक र आर्थिक असमानतालाई बढाएको छ । धेरै सामाजिक समुदायहरू शिक्षा, स्वास्थ्य, रोजगारी, साधन स्रोत र अवसरको पहुँचमा पछाडि पारिएका छन् । समावेशी नीतिहरूको कार्यान्वयन न्यून छ । जातिगत भेदभाव, भाषागत असमानता, लैङ्गिक भेदभाव जस्ता समस्याहरू अहिले पनि व्यापक छन् । नेपालको वर्तमान राजनीतिक प्रणालीमा संरचनागत भेदभाव रहेको छ । दलित, आदिवासी जनजाति, महिला, थारू, अन्य पिछडावर्ग तथा अल्पसंख्यक समुदायहरूले अभसम्म राजनीतिक, आर्थिक र सामाजिक न्याय पाउन सकेका छैनन् ।

नेपालमा राणा शासनविरूद्ध सन् १९३० को दशकदेखि सुरू भएको आन्दोलन तथा १९५१ मा भएको राणा शासनको अन्त्य, लोकतन्त्र स्थापनाका लागि निरंकुश निर्दलीय पञ्चायती व्यवस्थाविरूद्धको आन्दोलन (१९९०), माओवादी जनयुद्ध (१९९६-२००६), दोस्रो जनआन्दोलन (२००६), सन् २००८ मा एकात्मक राजतन्त्रात्मक शासन प्रणालीको उन्मूलन गरी लोकतान्त्रिक गणतन्त्रको घोषणा र सन् २०१५ को संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गऱ्यो । नेपालमा पटक-पटक भएका संघर्ष र राजनीतिक परिवर्तनहरू भएतापनि राजनीतिक, आर्थिक, सामाजिक- साँस्कृतिक शक्तिको रूपमा एकल जातीय वर्चस्व अर्थात् प्रभुत्व एवं सामन्तवादी चिन्तन, नस्लवादी तथा मनुवादी वा वर्णवादी जातीय नीति र अभ्यासले गर्दा दलित, अन्य पिछडावर्ग (Other Backward Class), थारू, आदिवासी जनजाति र अल्पसङ्ख्यक समुदायहरूमाथिको राजनीतिक, आर्थिक, सामाजिक-साँस्कृतिक तथा सबै खाले असमानता, अन्याय, विभेद, शोषण र उत्पीडन यथावत नै रहेका छन् ।

नेपालमा राजनीतिक, आर्थिक र सामाजिक बहिष्करण तथा सीमान्तीकरण भनेको ऐतिहासिक, सामाजिक र संरचनागत असमानताको परिणाम हो । विशेषगरी सीमान्तकृत समुदायहरू राज्यबाट शोषित भएका, दवाईएका, अपहेलित भएका वा राज्यको मूलधारबाट निरन्तर रूपमा किनारा लगाइएका वर्ग, जाति, जनजाति व्यक्ति नै वास्तविक सीमान्तकृत समुदाय हुन् । जसअन्तर्गत दलित, आदिवासी जनजाति, महिला, थारू, मुस्लिम, अन्य पिछडावर्ग, अल्पसङ्ख्यक समुदाय र गरिबीको रेखामुनि बस्ने समुदायहरू अर्थात् विपन्न वर्गका समुदायहरू नै रहेका छन् । ऐतिहासिक शक्ति संरचना, जातीय, लैङ्गिक, भाषिक, सामाजिक- साँस्कृतिक तथा क्षेत्रीय विभेद र असमावेशी राजनीतिक चरित्र तथा आर्थिक प्रणाली नै सीमान्तीकरणका मूल कारण हुन् । नेपालको राजनीतिक शक्ति केन्द्रीकरणमा केवल संभ्रान्त वर्गका बाहुन, क्षत्रिय र नेपाली भाषी समुदाय अर्थात् खस आर्यको वर्चस्व तथा प्रभुत्व रहेको छ ।

नेपालमा जातीय विभेद, लैङ्गिक विभेद तथा सामाजिक असमानताको सुरूवात वर्ण व्यवस्थाबाटै भएको हो । समाजमा उचनीच, उच्च वर्ग र निम्न वर्गको सृजना गर्नुको साथै समाजलाई समेत विभाजन गरी सामाजिक एकतालाई कमजोर बनाइएको छ । फलतः समाजमा विभिन्न कुप्रथा, कुसंस्कार र कुरीतिको जन्म भई सीमान्तकृत समुदायहरूको प्रतिनिधित्वलाई सीमित बनाइएको छ । जातीय, वर्ग, वर्ण र लैङ्गिक असमानताका कारण दलित र महिलाहरू राजनीतिक प्रक्रियाबाट बाहिरिएका छन् । निर्णय प्रक्रियामासमेत उनीहरूको भूमिका न्यून रहेको छ । गरिबी, बेरोजगारी र असमानता बढी छ । उनीहरू शिक्षा, स्वास्थ्य, भूमिमाथिको स्वामित्व, रोजगारी जस्ता आधारभूत आवश्यकता र अवसरबाट वञ्चित हुनुको साथै जातीय विभेदका कारण अत्यन्त शोषित र उपेक्षित रहेका छन् । कयौँ आदिवासी जनजाति, मधेशी, दलित, थारू, अन्य पिछडावर्ग र अल्पसङ्ख्यक समुदायहरूको साँस्कृतिक र भाषिक पहिचान जोखिममा परेका छन् ।

नेपालको सन्दर्भमा सामाजिक वञ्चितिकरणले सामाजिक विकास क्रमसँगै वर्षौंदेखि जात, जाति, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा धर्मका आधारमा विभेद गारिएका कारण पछाडि परेका वा पारिएका समूहहरूको अवस्थालाई चित्रण गर्दछ । सामाजिक वञ्चितिकरणमा परेका समूहहरूमा दलित, अन्य पिछडावर्ग, थारू, मुस्लिम, आदिवासी जनजाति, मधेशी, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्तिहरू तथा भौगोलिक रूपले दुर्गम क्षेत्रमा बसेका नागरिकलाई कानुनी सेवा व्यवस्था, स्वास्थ्य सेवा प्रणाली जस्ता सार्वजनिक औपचारिक संस्था एवम् समुदाय तथा घरपरिवार जस्ता सामाजिक अनौपचारिक संस्थाहरूमा वञ्चितिकरण स्पष्ट रूपमा विद्यमान रहेको देखिन्छ । यद्धपि सबै महिलाहरूले विभेद भोगिरहेकै छन् त्यसमा पनि वञ्चित समुदायका महिलाहरूले अझै धेरै प्रकारका विभेद भोगिरहेका छन् ।

राजनीतिक प्रक्रियामा सबै समुदायहरूलाई समान अवसर, अधिकार र प्रतिनिधित्व हुनुपर्दछ । समाजका सबै वर्गलाई आर्थिक, शैक्षिक, सामाजिक-साँस्कृतिक र कानूनी रूपमा समान अधिकार प्रदान गरिनुपर्दछ

। जातीय, लैङ्गिक, आर्थिक र साँस्कृतिक विभेद उन्मूलन गर्ने नीति अपनाउनुपर्दछ । विभिन्न जाति, भाषा र सँस्कृतिको अस्तित्व र अधिकारलाई संविधानले सम्बोधन गरी सम्मान गर्नुपर्दछ । शिक्षा, स्वास्थ्य र रोजगारीमा सबैको पहुँच सुनिश्चित गर्ने नीतिहरू सामाजिक न्याय (Social Justice) को केन्द्रीय तत्व हुन् । त्यसैगरी बेरोजगारी भत्ता, वृद्धावस्था पेन्सन, स्वास्थ्य बीमा आदि कल्याणकारी योजनाहरूले गरिबी र असमानता घटाउन मद्दत गर्दछन् । सामाजिक न्याय, कल्याणकारी राज्य, सामाजिक सुरक्षा, श्रमिक अधिकार, पर्यावरणीय न्याय, शिक्षा, स्वास्थ्य र रोजगारीमा सबैको पहुँच आदि सामाजिक लोकतन्त्र (Social Democracy) को मूल विशेषता हुन् । समानता (Equality), निष्पक्षता (Fairness), सामाजिक सुरक्षा (Social Security), सहभागिता (Participation), उत्तरदायित्व (Accountability), दिगो विकास (Sustainable Development), मानव अधिकार (Human Rights) र पर्यावरणीय न्याय (Environmental Justice) का साथै सबैलाई आर्थिक रूपमा समान अवसर र साधन स्रोतहरू उपलब्ध गराएर सम्मानजनक जीवन बिताउने अधिकार आर्थिक न्याय (Economic Justice) को केन्द्रिय तत्व हुन् । नेपालको लोकतान्त्रिक गणतन्त्रात्मक राजनीतिक प्रणालीमा समावेशीकरण र सामाजिक लोकतन्त्र, राजनीतिक न्याय, पर्यावरणीय न्याय, आर्थिक न्याय र सामाजिक न्यायलाई समाहित गरिनुपर्दछ, जसले गर्दा समृद्धि र न्याय सँग-सँगै अघि बढ्छ, असमानता र विभेद अन्त्य हुँदै जान्छ ।

राष्ट्रको मूलधारमा समावेश हुन नसकेका सामाजिक समूह, वर्ग, सम्प्रदाय, जात, जाति, धर्म, लिङ्ग र भाषाभाषीका व्यक्तिहरूलाई राष्ट्रको मूलधारमा समावेश गरी शक्ति (Power), साधनस्रोत (Resources) र अवसर (Opportunity) मा न्यायोचित साझेदारी (Rightful Sharing) सुनिश्चित गरिनुलाई नै समावेशीकरण भनिन्छ । शक्ति, स्रोतसाधन र अवसरको उचित बाँडफाँट (Rightful Sharing of Power, Resources and Opportunity) समावेशीकरणको मूलमर्म हो । समावेशीकरणले लोकतन्त्रलाई पक्षपोषण गर्दछ । यसले सबैको पहिचान भेटिने तर कसैको अस्तित्व नमेटिने मार्ग प्रदान गर्दछ । राज्य सञ्चालनको हरेक पक्ष र निकायहरू-कार्यपालिक, व्यवस्थापिका, न्यायपालिका, स्थानीय निकाय, विभिन्न संघसंस्था सार्वजनिक संस्थानलगायतमा सहभागिता गराउने नीति समावेशी प्रक्रिया हो । यसर्थ दलित, अन्य पिछडावर्ग, थारू, आदिवासी र अल्पसङ्ख्यक समुदायहरूलाई सशक्तिकरण गरेर, जनसङ्ख्याको आधारमा समानुपातिक प्रतिनिधित्व गराएर, मानव विकास र गरिबी निवारणको क्षेत्रमा लगानी गरेर, जनचेतनामूलक कार्यक्रम सञ्चालन गरेर तथा लक्षित कार्यक्रम गरेर समावेशीकरण गरिनुपर्दछ ।

### दलित, अन्य पिछडावर्ग, थारू, आदिवासी र अल्पसङ्ख्यक समुदायहरूको अवस्था र समस्या

**दलित -** नेपालको सामाजिक संरचना प्राचीन वर्ण व्यवस्थामा आधारित छ । जसले जातीय उच्च-नीचको आधारमा मानव समाजलाई विभाजन गर्दै शूद्र/अतिशूद्र अर्थात् दलितलाई अपमानजनक रूपमा अस्पृश्यको श्रेणिमा राख्यो । नेपालमा सदियौंदेखि सबैभन्दा बहिष्कृत एवं सीमान्तकृत दलित समुदाय नै रहेका छन् । भारतको संविधानमा दलितलाई अनुसूचित जाति पनि भनिन्छ । यस समुदायको सबभन्दा ठूलो समस्या भनेको जातीय विभेद तथा छुवाछूत नै हो । शहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रमा छुवाछूत प्रथा अझै व्यापक रूपमा चलिरहेको भेटिन्छ । कतिपय स्थानहरूमा दलित समुदायमाथि छोईछिटो गर्ने, मन्दिर प्रवेशमा रोक लगाउने जस्ता व्यवहार भइरहेका छन् । कुनै जात विशेषमा जन्म भएको वा कुनै पेसा विशेष अपनाएको कारण जातीय विभेद र छुवाछूतको अन्यायमा परेका छन् । आत्मसम्मान, मर्यादा, शिक्षा, स्वास्थ्य, रोजगारी तथा सहभागिता जस्ता आधारभूत अधिकारसमेत हनन भएका छन् । भेदभावजन्य व्यवहार मानवताविरूद्धको अपराध हो ।

देशको कुल जनसङ्ख्याको १३.०८ प्रतिशत जनसङ्ख्या रहेको दलित समुदाय भूमिहीनता, गरिबी, बेरोजगारी र अभावको मारमा छन् । सरकारी संयन्त्रमा समानुपातिक समावेशीकरणको सिद्धान्तअनुसार उनीहरूको सहभागिता भएको देखिँदैन । आर्थिक शोषण तथा दमनबाट दलित समुदाय लामो समयदेखि आक्रान्त छन् । उनीहरू यो समस्याबाट उन्मुक्ति पाउन सकेका छैनन् । विशेष गरी यो समुदाय जातीय, वर्गीय, क्षेत्रीय, लैङ्गिक, भाषिक र साँस्कृतिक विभेदबाट आजित हुन पुगेको देखिन्छ । नेपालका बहुसङ्ख्यक दलित समुदाय गरिबीको रेखामुनी छ । यो समुदायको भूमिहीनता एउटा प्रमुख समस्याका रूपमा रहेको छ । यसैगरी दलित महिला त्यसमा पनि मधेशी दलित महिला दोहोरो उत्पीडनमा परेको अवस्था रहेको छ । विशेषगरी दलित महिलाको अवस्था भन्नाले “समाजमा दलित महिलाहरूले सामना गर्ने परिस्थिति, स्थिति र चुनौतीहरूलाई जनाउँछ, जसमा जातीय विभेद, लैङ्गिग विभेद, गरिबी र आर्थिक जोखिम, स्रोतसाधन र अवसरहरूमा सीमित पहुँच र राजनीतिक प्रतिनिधित्वको अभाव समावेश छ । ”

दलित मुक्तिको मुख्य आधार नै विभेदकारी जातीय प्रथा, पुँजीवाद र मनुवादी व्यवस्था अथवा वर्णवादको अन्त्य गर्नु हो । यो समुदाय राजनीतिक रूपले विभेदीकरण, आर्थिक रूपले शोषित तथा सामाजिक-साँस्कृतिक रूपले अपमानित हुनुको साथै जातीय भेदभाव, आर्थिक असमानता, शैक्षिक पिछडापन, न्यून राजनीतिक एवं प्रशासनिक प्रतिनिधित्वका कारण अभाव र असमानताको सामना गर्न बाध्य छन् । जातीय भेदभाव र छुवाछूत, आर्थिक असमानता र गरिबी, शिक्षामा पिछडिएको स्थिति, राजनीतिक प्रतिनिधित्वको अभाव, कानुनी संरक्षणको फितलो कार्यान्वयन, स्वास्थ्य सेवामा पहुँचको असमानता आदि दलित समुदायले सामना गरिरहेका प्रमुख समस्याहरू हुन् ।

**दलित समुदायसम्बन्धी समस्याहरू समाधान गर्न निम्न उपायहरू अवलम्वन गर्नुपर्दछ -**

(१) दलित समुदायको व्यक्तिलाई निजामती सेवा, सेना, प्रहरी लगायतका राज्यका सबै निकाय र क्षेत्रहरूमा समानुपातिक आधारमा रोजगारीको व्यवस्था गर्ने ।

(२) दलित विद्यार्थीहरूलाई प्राथमिक कक्षादेखि उच्च शिक्षासम्म (प्राविधिक शिक्षामा समेत) निःशुल्क शिक्षाको व्यवस्था तथा छात्रवृत्तिको समेत विशेष व्यवस्था गर्ने ।

(३) दलित समुदायलाई स्वास्थ सेवा र सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने ।

(४) दलित समुदायका परम्परागत पेसा, ज्ञान, सीप र प्रविधिको प्रयोगलाई संरक्षण र विकास गर्न आधुनिक विज्ञान र प्रविधिसँग जोडी सो सम्बन्धी तालिम र स्रोतसधानको व्यवस्था सरकारले नै गर्ने ।

(५) आवासविहीन तथा भूमिविहीन दलितको लागि भूमि र बसोबासको व्यवस्था गर्ने ।

(६) दलित समुदायलाई राजनीतिक संरचनाको सबै तहमा जनसङ्ख्याको आधारमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्ने ।

(७) दलित समुदायले प्राप्त गर्ने सम्पूर्ण अधिकार र अवसरमा पहाडी दलित, मधेशी दलित र दलित महिलाको समानुपातिक प्रतिनिधित्व गर्ने ।

**अन्य पिछडावर्ग -** समाजमा सामाजिक, आर्थिक र शैक्षिक रूपमा पछाडि परेका/पारिएका र अन्य वर्गको तुलनामा तल्लोस्तरमा रहेको, तर दलित र जनजातिमा नपर्ने जातलाई अन्य पिछडावर्ग भनिन्छ। नेपालमा पूर्वदेखि पश्चिमसम्म मधेशका २२ जिल्लामा अन्य पिछडावर्ग फैलिएका छन् । यो सङ्ख्या नेपालको जनसङ्ख्याको लगभग एक तिहाई हो । यसमा धेरै सामाजिक, शैक्षिक र आर्थिक रूपमा पिछडिएका वर्गहरू समावेश छन् । राज्यको नीति निर्माण तहमा यिनीहरूको पहुँच अत्यन्त न्यून रहेका छन् । निजामती सेवा, प्रहरी, सेना, कुटनीतिक सेवालगायत राज्यका निकायहरूमा पहुँच हुन नसकेको कारण राष्ट्रिय

मूलप्रवाहमासमेत समाहित हुन सकेका छैनन् । अन्य पिछडावर्गमा, गरिबी, बेरोजगारी र शिक्षाको व्यापक अभाव रहेका छन् । आर्थिक असमानता, शैक्षिक पिछडापन, सामाजिक भेदभाव, राजनीतिक प्रतिनिधित्वको अभाव, स्वास्थ्य सेवामा पहुँचको अभाव, कानुनी संरक्षणको कमी, साँस्कृतिक पहिचानको संकटलगायत अन्य पिछडावर्गले सामना गर्नुपर्ने प्रमुख समस्याहरू हुन् ।

**थारू -** थारू समुदाय नेपालको मध्य तराई (भित्री मधेश) क्षेत्रमा बसोबास गर्ने एक प्रमुख जातीय समुदाय हो । राना थारू/थारूहरू मुख्यतया नेपालको पश्चिम तराई-मधेश र मध्य तराई-मधेशलगायतका जिल्लाहरूमा बसोबास गर्दछन् । उनीहरूको आफ्नो छुट्टै भाषा तथा बोली, संस्कृति र परम्परा, धर्म र जीवनशैली रहेका छन् । नेपालमा राना थारू/थारू समुदायले विभिन्न प्रकारका भेदभावहरू भोगिरहेका छन् । जातीय भेदभावले गर्दा सामाजिक रूपमा पछाडि परेका छन् । थारू समुदायका धेरै मानिसहरू कृषि मजदुरी, विभिन्न कामधन्दा र बेगारीमा निर्भर छन् । उनीहरूको जग्गा हडपिएको, बेगारी प्रथाको शिकार भएको र आर्थिक रूपमा शोषित भएको इतिहास छ । गरिबी, बेरोजगारी र असमानताले गर्दा शिक्षामा पहुँच कम छ । राजनीतिक प्रतिनिधित्व न्यून रहेको छ । यिनीहरूको पहिचान- भाषा, संस्कृति र परम्परालाई राज्यस्तरमा मान्यता प्रदान गरिएको छैन । राज्यको सेवा र अवसरबाट वञ्चित रहनुपरेकोले राना थारू/थारू समुदाय पिछडिएको, शोषित र उपेक्षित अवस्थामा रहेका छन् । आर्थिक रूपमा थारू समुदायका धेरैजना गरिबीको रेखामुनि रहेका छन् । विशेष गरी जमिनमा पहुँच नहुनु, बेरोजगारी र कृषि पेसामा नै निर्भर रहनु परेको हुँदा आर्थिक असमानता बढाएको छ । शिक्षा र स्वास्थ्य सेवा प्राप्तिमा पछाडि छन् । यिनीहरूलाई वन, जंगल र कृषियोग्य जमिनबाट विस्थापित गराई जमिनको मालिकानाहकबाट समेत वञ्चित गरी कमैया र कमलरी बनाइएका छन् । पर्यावरणीय न्यायको अभाव र तराई/मधेशमा वनभूमि अतिक्रमणका कारण थारू जातिको आवासीय अधिकार हनन् भएका छन् । सामाजिक भेदभाव र जातीय उत्पीडन, मानव तस्करी र शोषण, राजनीतिक प्रतिनिधित्वको कमी, आधुनिकीकरण र अन्य साँस्कृतिक प्रभावले गर्दा संस्कृति, भाषा र परम्पराहरू लोप हुनु लगायत थारू समुदायका प्रमुख समस्याहरू विद्यमान छन् । यसैगरी तराई-मधेशमा थारू समुदाय सबैभन्दा बढी शोषित, उत्पीडित, सीमान्तकृत तथा बहिष्करणमा पारिएका समुदाय हुन् । वर्तमान अवस्थामा थारू जातिहरूको आर्थिक तथा समाजिक स्तर जुन रूपमा हुनुपर्ने हो, त्यस्तो छैन । अधिकांश थारूहरू अरूको थिचोमिचो र शोषणमा परेको पाइन्छ ।

**आदिवासी जनजाति -** नेपालमा विभिन्न जात, जाति र आदिवासी जनजाति समुदायहरू बसोबास गर्दछन् । उनीहरूको आफ्नो छुट्टै ऐतिहासिक पृष्ठभूमि, भाषा, संस्कृति र परम्परा तथा पहिचान रहेका छन् । नेपालमा सामन्तवादी तथा जातिवादी सोच, चिन्तन र व्यवहारका साथै सामन्तवादी राजतन्त्रात्मक शासन प्रणालीको उदयसँगै आदिवासी जनजातिको बहिष्करण र सीमान्तीकरण गरिँदै आएको छ । भूमि र स्रोतसाधनमा अधिकारको समस्या, भाषाको संकट, जातीय भेदभाव र हिंसा, संरचनात्मक विभेद, न्यून राजनीतिक प्रतिनिधित्व, शिक्षा, तालिम र रोजगारीको अवसर तथा शक्तिमा पहुँचको अभावले गर्दा आदिवासी जनजातिमा गरिबी गहिरिएको छ । शताब्दियौंदेखि कायम रहेको असमानता र विभेद नै आदिवासीको पीडाका जड हुन् । यसका अतिरिक्त साँस्कृतिक र जातीय पहिचानको संकट र असमावेशीकरण पनि हो । आदिवासी जनजातिको मुख्य मुद्दाहरू- जातीय, सामाजिक-साँस्कृतिक, भाषिक, उत्पीडन र विभेदको अन्त्य गर्नु नै हो । राजनीतिक, आर्थिक र सामाजिक बहिष्करण (Political, Economic and Social Exclusion) को अन्त्य गर्नु अर्को महत्वपूर्ण मुद्दा हो ।

**अल्पसङ्ख्यक समुदाय -** नेपालमा जातीय अल्पसङ्ख्यक, भाषिक अल्पसङ्ख्यक, धार्मिक अल्पसङ्ख्यक समूहहरू र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक रहेका छन् । मुस्लिम, इसाई, किरात, बौद्ध, बहाई, जैन, सिख, प्रकृतिपूजक (आदिवासी), बोन (तिब्बती मूल) आदि धार्मिक अल्पसङ्ख्यकहरू हुन् । मातृभाषा

नेपाली नभएका विभिन्न जातीय समुदायहरू भाषिक अल्पसङ्ख्यक समुदायहरू हुन्, जस्तै - मैथिली, भोजपुरी, अवधी, थारू, तामाङ, मगर, गुरूङ, लिम्वु, राई, शेर्पा, सन्थाली, थकाली, मनाङगी, नेपाल भाषा (नेवारी), हिन्दी, मगही, राजवंशी, राना थारू, उर्दु, बज्जिका, डोटेली आदि । यसका अतिरिक्त नेपालमा धेरै जातीय अल्पसङ्ख्यक समुदायहरू र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरू पनि रहेका छन् । ती मध्ये मुस्लिम समुदाय र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक प्रमुख हुन् ।

**मुस्लिम समुदाय -** जातीय तथा धार्मिक अल्पसङ्ख्यक समुदायहरूमध्ये मुस्लिम समुदाय पनि हो । मुस्लिम समुदायको आफ्नो छुट्टै धार्मिक, सामाजिक एवं साँस्कृतिक मूल्य र मान्यता रहेको छ । ऐतिहासिक रूपमा नेपालका मुस्लिम समुदायका तीन भिन्न समूहहरू छन् -तिब्बती, काश्मिरी र मधेशी तर स्पष्ट रूपमा नेपालका मुस्लिमहरू चार फरक समूहमा विभाजित छन्- काश्मिरी मुस्लिम, तिब्बती मुस्लिम , पहाडी मुस्लिम र मधेशी मुस्लिम । सन् २०२१ को जनगणनाअनुसार मुस्लिम समुदायको जनसङ्ख्या ४.८६ प्रतिशत रहेको छ । यो समुदायको सबभन्दा बाक्लो बसोबास रहेको जिल्लाहरू-बाँके, कपिलवस्तु, रूपन्देही,पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सुनसरी, गोरखा, तनहु, काठमाण्डौ आदि हुन् । मुस्लिम समुदायलाई धार्मिक अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको रूपमा पहिचान गरेको पाइन्छ । उनीहरूको आफ्नै भाषा, शिष्टाचार, साहित्य, कला, कलाकृति, चाडपर्व, विवाह, पोशाक तथा जन्म र मृत्यु समारोह रहेको छ । वर्तमान परिवेशमा मुस्लिम समुदायका मानिसहरूले रोजगारी, शिक्षा, र आवासलगायतका क्षेत्रमा भेदभावको सामना गरिरहेका छन् । राजनीतिकमा पहुँचको अभावको साथै स्वास्थ्य सेवा र आधारभूत सेवाहरूमा समेत पहुँचको अभाव छ । भाषा, धर्म र संस्कृतिको पहिचानसहित मुस्लिम समुदायको सामाजिक समावेशीकरणका लागि समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नुको साथै शिक्षा, स्वास्थ्य र रोजगारीका अवसरहरूमासमेत विशेष संरक्षणको व्यवस्था गरिनुपर्दछ ।

**लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक –** नेपालमा रहेका विभिन्न अल्पसङ्ख्यक समुदायहरूमध्ये लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक (Gender and Sexual Minorities) समुदाय पनि हो । यस समुदायमा समलिङ्गी महिला (Lesbian), समलिङ्गी पुरूष (Gay), पारलैङ्गिक (Transgender), दुईलिङ्गी (Bisexual), अन्तरलिङ्गी (Intersex) तथा क्वीर/ क्वेर (Queer / अर्न्तलिङ्गगी व्यक्तिहरू, गैर -त्याचलिङ्गगी लैङ्गिक पहिचानहरू र गैर-विषमयौनिक यौन अभिमुखिकरणहरूलाई समेट्दछ ।) गरी ६ प्रकारका व्यक्तिहरू पर्दछन् । सङ्क्षेपमा यो समुदायलाई LGBTIQ पनि भनिन्छ ।

फरक लैङ्गिक तथा यौनिक पहिचानका कारण यो समुदायका व्यक्तिहरूको घर, परिवार, समाज र राष्ट्रबाट समेत अपहेलित हुनु परेको छ । सदियौंदेखिको परम्परागत सोच र विचारका कारण यस समुदायका व्यक्तिहरू पीडित हुनु परेको छ । उनीहरूले संविधानप्रदत मौलिक हक तथा मानव अधिकार कानुनद्वारा प्रत्याभूत गरिएका अधिकारहरूको स्वतन्त्रपूर्वक उपभोग गर्न पाइरहेका छैनन् । यस समुदायका व्यक्तिहरूको आफ्नोपनको पहिचानको अधिकार रहेको कुरालाई व्याख्या गर्दा समेत यस समुदायका व्यक्तिहरू अझै आफ्नो पहिचानको लडाइ लड्न बाध्य भइरहेका छन् । विद्यमान कानुनहरू अझै पनि यस समुदायमैत्री बन्न सकेका छैनन् ।

नेपालको संविधान, प्रचलित कानुन र मानव अधिकारसम्बन्धी दस्तावेज तथा सर्वोच्च अदालतको फैसलाले यस समुदायको पहिचान र अधिकारलाई स्थापित गर्दा पनि यस समुदायका व्यक्तिहरूले अझै पनि विभिन्न प्रकारका समस्याहरू भोग्नुपरेको छ । यी मध्ये मुख्य समस्याहरू निम्नानुसार छन्- हिंसा तथा अपहेलित हुनु, सामाजिक विभेद, पहिचानको समस्या, सुरक्षाकर्मीबाट गैर-कानुनी पक्राउ र यातना, स्वतन्त्रपूर्वक हिँडडुल गर्नमा अवरोध, वैवाहिक समानता तथा शिक्षा पाउने विषयमा विभेद आदि ।

**अल्पसङ्ख्यक समुदायको अधिकार**

अल्पसङ्ख्यकको अधिकार भन्नाले "राष्ट्रिय/जातीय, साँस्कृतिक, धार्मिक र भाषिक, लैङ्गिक आदि अल्पसङ्ख्यक समुदाय र व्यक्तिको अधिकार हो।" यसले समाजमा कम सङ्ख्यामा रहेका जातीय, भाषिक, धार्मिक वा साँस्कृतिक समूहहरूलाई प्राप्त हुने विशेष अधिकार र सुरक्षा भन्ने बुझिन्छ। यसले समानताको अधिकार, साँस्कृतिक अधिकार, राजनीतिक सहभागिता, शैक्षिक अधिकार, भेदभाव विरुद्धको सुरक्षालाई समेट्दछ। यी अधिकारहरू मानव अधिकार, स्वतन्त्रता, समानता, न्याय र गैर-भेदभावको सिद्धान्तमा आधारित छ। नेपालमा विपन्न वर्गका अल्पसङ्ख्यक र आदिवासीहरू अत्यन्त कमजोर र गरिबीको अवस्थामा रहेका छन्। उनीहरूको मानव अधिकार हनन् हुनुको साथै धर्म, भाषा, संस्कृति र पहिचानसमेत सङ्कटमा परेका छन्। अल्पसङ्ख्यक समुदायहरू जातीय, धार्मिक र लैङ्गिक भेदभाव, गरिबी, बेरोजगारी तथा न्यून राजनीतिक प्रतिनिधित्व हुनका साथै स्वास्थ्य सेवामा समेत पहुँचको अभाव रहेका छन्।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र १९६६ (International Covenant on Civil and Political Rights 1966) को धारा २७ मा सामाजिक वा भाषिक अल्पसङ्ख्यकहरू विद्यमान रहेको राष्ट्रहरूमा त्यस्ता अल्पसङ्ख्यकका व्यक्तिहरूलाई आफ्नो समूहका अन्य सदस्यहरूसँग मिली आफ्नो संस्कृतिको उपभोग गर्ने, आफ्नो धर्मको प्रचार तथा अभ्यास गर्ने वा आफ्नो भाषा प्रयोग गर्ने अधिकारबाट वञ्चित गरिने छैन, भनिएको छ।

राष्ट्रिय वा जातीय, धार्मिक तथा भाषिक अल्पसङ्ख्यकका आधारमा व्यक्तिहरूको अधिकारसम्बन्धी घोषणापत्र १९९२ (Declaration on Rights of Persons Belonging to National or Ethnic, Religious and Linguistic Minorities, 1992) मा पनि आधारभूत मानव अधिकार, मूल्य र मर्यादा, महिला र पुरूष एवं बहुसङ्ख्यक र अल्पसङ्ख्यकको समान अधिकारप्रतिको आस्थालाई पुनर्पुष्टि गर्दै, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्रको धारा-२७ मा व्यवस्थित जातीय, धार्मिक र भाषिक अल्पसङ्ख्यकका आधारमा व्यक्तिलाई प्राप्त अधिकारबाट प्रेरित हुँदै, राष्ट्रिय वा जातीय, धार्मिक र भाषिक अल्पसङ्ख्यकका आधारमा व्यक्तिलाई प्राप्त अधिकारहरूको संरक्षण र सम्वर्द्धनले उनीहरूको देशको राजनीतिक स्थायित्वलाई योगदान गर्ने कुरालाई स्वीकार गर्दै, राष्ट्रिय वा जातीय, धार्मिक र भाषिक अल्पसङ्ख्यकका आधारमा व्यक्तिलाई प्राप्त अधिकारहरूले लोकतान्त्रिक संयन्त्रभित्र कानुनको शासन र सम्पूर्ण समाज विकासको एक अभिन्न अंग एवं राष्ट्र र जनताको बीचमा मित्रता र सहयोगलाई योगदान दिने कुरामा जोड दिँदै सोहि प्रतिज्ञापत्रको धारा-१ मा राज्यहरूले आफ्नो राज्य क्षेत्रभित्र अल्पसङ्ख्यकहरूको अस्तित्व र राष्ट्रिय वा जातीय, साँस्कृतिक, धार्मिक र भाषिक पहिचानको संरक्षण गर्ने छन्, भन्ने उल्लेख छ।

आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक एवं रोजगारी जस्ता आधारमा पिछडिएका वा पछाडी पारिएका सीमान्तकृत समुदायका व्यक्तिहरूका लागि राज्यले विशेष व्यवस्थामार्फत् उनीहरूको संरक्षण, विकास र सशक्तिकरणका लागि पृथक कार्य गर्नुपर्ने कुरामा पनि समान जोड दिएका छन्।

**अल्पसङ्ख्यक समुदायको संरक्षणसम्बन्धी व्यवस्था -**

(क) समान अधिकार र प्रतिष्ठाको सुनिश्चितता,
(ख) समान व्यवहारको सुनिश्चितता,
(ग) भेदभावरहीत अवस्थाको सुनिश्चितता,
(घ) छुवाछूत र जातीय आधारमा हुने भेदभाव उन्मूलनको सुनिश्चितता,
(ङ) आफ्नो मौलिक पहिचानमा बाँच्न पाउने कुराको सुनिश्चितता,
(च) अल्पसङ्ख्यक समुदायका लागि सामूहिक अधिकारको सुनिश्चितता,

(छ) विशेष संरक्षणको सुनिश्चितता,
(ज) सहभागितको अधिकार तथा
(झ) राजनीतिक, आर्थिक र सामाजिक न्यायको सुनिश्चितता ।

समाजमा सबै व्यक्ति र समुदायलाई समान अवसर, अधिकार, न्याय र समानताको प्रत्याभूति हुनुपर्दछ । आर्थिक, सामाजिक, राजनीतिक र साँस्कृतिक क्षेत्रमा स्वतन्त्रता र समानताको सुनिश्चितता गर्ने जिम्मेवारी राज्यको हो । असमानता, भेदभाव, अन्याय र शोषण अन्त्य गरी समतामूलक समाजको निर्माण गर्नुपर्दछ । यसका लागि सबै व्यक्ति र समुदायले बिना भेदभाव न्यायपूर्ण रूपमा आर्थिक स्रोतसाधन, अवसर र लाभमा पहुँच हुनुपर्दछ । आर्थिक असमानता, गरिबी र भेदभावलाई अन्त्य गरी प्रत्येक व्यक्तिले आफ्नो मानवीय गरिमासहित जीवनयापन गर्ने अधिकार र आधारभूत आवश्यकताहरू- शिक्षा, स्वास्थ्य, रोजगार, आवास र सामाजिक सुरक्षाको परिपूर्ति गर्न राज्यले प्रत्याभूत गर्नुपर्दछ । समान अवसर, स्रोतसाधन र सम्पत्तिको न्यायपूर्ण वितरण, गरिबीको अन्त्य, शोषण र भेदभावबाट मुक्ति तथा सामाजिक सुरक्षा आदि लोकतान्त्रिक, न्यायपूर्ण र समृद्ध समाजको आधार हो । केवल कानुनी समानतामा मात्र सीमित नभएर व्यावहारिक जीवनमा स्वतन्त्रता, समता र सामाजिक न्यायको संस्कृति स्थापित गर्नुपर्दछ । दलित, अन्य पिछडावर्ग, आदिवासी जनजाति, थारू र अल्पसङ्ख्यक समुदायहरू तथा विपन्नवर्ग गरिबी, भेदभाव, शोषण, उपेक्षा र असमानताको दुष्चक्रबाट मुक्त हुन शक्ति, स्रोतसाधन, अवसर र सामाजिक न्यायका साथै शिक्षा, स्वास्थ्य, रोजगारी, राजनीतिक प्रतिनिधित्व र सामाजिक न्यायमा पहुँच हुनुपर्दछ । राजनीतिक र आर्थिक असमानता, विभेद र उपेक्षालाई अन्त्य गर्ने प्रावधान संविधानमै व्यवस्था गरिनुपर्दछ । समावेशी लोकतन्त्र, नीति निर्माण र सामाजिक तथा आर्थिक न्यायमा ध्यान दिनुपर्दछ । जात, जाति, वर्ण र वर्ग, लिङ्ग आदिमा आधारित सामाजिक संरचनालाई परिवर्तन गर्नुपर्दछ ।

दलित, आदिवासी जनजाति, अन्य पिछडावर्ग, थारू, अल्पसङ्ख्यक समुदाय र महिलामाथि भइरहेको आर्थिक, सामाजिक, धार्मिक, साँस्कृतिक र राजनीतिक असमानता, विभेद, शोषण र उत्पीडनलाई अन्त्य गर्न, उत्पीडित समुदायहरूको राष्ट्रिय पहिचानको मान्यता स्थापित गर्न जनसङ्ख्याको आधारमा प्रतिनिधित्व, मानव अधिकारको प्रत्याभूति, सबैलाई गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवामा पहुँच, रोजगारी, सामाजिक सुरक्षा, समानता र सामाजिक न्यायको प्राप्तिका लागि संघर्ष गर्न तथा उपरोक्त समुदायहरूसँग सम्बन्धित संगठन/संघ, संस्था र व्यक्तिहरू सम्मिलित रहने गरी दलित, अन्य पिछडावर्ग, थारू, आदिवासी र अल्पसङ्ख्यक समुदायहरूको परिसंघ (Confederation of Dalit, OBC, Tharu, Indigenous Nationalities and Minorities (DOTIM Parisangh) गठन गरिएको छ ।

## परिसंघको मुख्य उद्देश्यहरू

१. दलित, आदिवासी जनजाति, थारू, मुस्लिम, महिला, अन्य पिछडावर्ग, अल्पसङ्ख्यकलगायत असमानता, शोषण, उपेक्षा र बहिष्करण तथा विभेदमा पारिएका/परेका विपन्न वर्गलगायतका समुदायहरूको राष्ट्रिय/जातीय पहिचानको मान्यता, समानुपातिक समावेशीकरणका साथै स्वतन्त्रता, समानता र सामाजिक न्यायको प्रत्याभूति गराउने ।
२. संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढीकरण गर्ने, सामर्थ्य र जातीय/राष्ट्रिय पहिचानको आधारमा प्रदेशहरूको सिमाङ्कन, नामाङ्कन तथा संरचना गर्न/गराउनको साथै संघीयताको प्रभावकारी कार्यान्वयनका लागि संघ र प्रदेशहरूका बीचको क्षेत्राधिकारलाई स्पष्ट पार्ने, राजस्व तथा स्रोतसाधनहरू सन्तुलित र न्यायोचित रूपमा बाँडफाँट गर्ने र राज्यका तर्फबाट प्रदान गरिने सेवा, अवसर र सुविधाहरू जनतामा पुऱ्याउन प्रदेशलाई सक्षम बनाई स्थानीय तहलाई प्रदेशको क्षेत्राधिकारभित्र रहने गरी लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीलाई समृद्ध पार्ने ।

३. जनताको नागरिक र राजनीतिक अधिकारका साथै आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको प्रत्याभूति गराउने । नागरिकलाई जात, लिङ्ग, वर्ग, वर्ण, धर्म वा क्षेत्रको आधारमा भेदभाव नगरी राजनीतिक प्रक्रियामा समान सहभागिता हुने अधिकारको प्रत्याभूति गर्ने ।

४. नेपाल पक्षराष्ट्र भई हस्ताक्षर गरिसकेका राष्ट्रसंघीय घोषणापत्र, प्रस्ताव, महासन्धि, प्रतिज्ञापत्र र अनुबन्धहरू -

(क) आदिवासी जनजाति जनतासम्बन्धी महासन्धि नं. १६९ अर्थात् आदिवासी जनजातिसम्बन्धी ILO-169 मा उल्लेखित अधिकारहरूको प्रत्याभूति गराउने ।

(ख) प्राकृतिक स्रोतमा स्थायी सार्वभौमिकत्वसम्बन्धी १४ डिसेम्बर १९६२ को महासभा प्रस्ताव १८०३ (१७) ।

(ग) आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ (United Nations Declaration on the Rights of Indigenous People 2007) ।

(घ) सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ ।

(ङ) महिलाविरूद्ध सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ (Convention on the Elimination of all forms of Discrimination against Women, 1979) ।

(च) नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १६ डिसेम्बर १९६६ ।

(छ) आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १६ डिसेम्बर १९६६ आदिको कार्यान्वयन गरी जनतालाई प्रत्याभूति गराउन ।

(ज) राष्ट्रिय वा जातीय, धार्मिक, र भाषिक अल्पसङ्ख्यकका आधारमा व्यक्तिहरूको अधिकारसम्बन्धी घोषणापत्र, १९९२ (Declaration on the Rights of Persons Belonging to National or Ethnic, Religious and Linguistic Minorities, 1992) को आधारमा अल्पसङ्ख्यक समुदायहरूको अधिकारको प्रत्याभूति गराउन ।

(झ) वर्ग र वर्णका आधारमा हुने पूर्वाग्रहसम्बन्धी युनेस्को घोषणापत्र, १९७८ (The UNESCO Declaration on Race and Racial Prejudice, 1978) । उपरोक्त राष्ट्रसंघीय घोषणापत्र, प्रस्ताव, महासन्धि, प्रतिज्ञापत्र र अनुबन्धहरूलाई नेपाल सरकारले जनतालाई प्रत्याभूत हुने गरी कार्यान्वयन गरिनुपर्दछ ।

५. राज्य सत्ताद्वारा अन्याय, असमानता, शोषण, विभेद, उत्पीडन र बहिष्करणमा पारिएका समुदायहरूको अधिकार र न्याय प्राप्तिका लागि भइरहेको आन्दोलनहरूप्रति ऐक्यबद्धता जनाउने र आवश्यक कार्य गर्ने ।

६. पूर्ण समानुपातिक निर्वाचन प्रणाली, प्रतिनिधिसभा र राष्ट्रियसभामा समान जनसंख्याका आधारमा प्रतिनिधित्वको व्यवस्था र स्थानीय तहलाई प्रदेशको क्षेत्राधिकार भित्र रहने व्यवस्था गराउन ।

७. मानवीय विकासको सूचकाङ्क र जनसङ्ख्याको आधारमा विकास, निर्माण र सेवाका लागि बजेटको न्यायोचित वितरण गराउन ।

८. नेपालमा सदियौंदेखि कायम रहिआएको जात, जाति, वर्ग, वर्ण र लिङ्ग अर्थात् वर्गीय, जातीय, भाषिक, क्षेत्रीय, लैङ्गिक व्यवस्थाजन्य शोषण, उत्पीडन, असमानता, बहिष्करण तथा सीमान्तीकरण र विभेदहरूलाई उन्मूलन गर्न संघर्षरत रहने ।

९. वैज्ञानिक भू-उपयोगी नीति लागू गर्दै कृषि क्रान्तिको माध्यमबाट कृषिको व्यवसायीकरण, आधुनिकीकरण र औद्योगीकरण गरी कृषिमा निर्भर श्रमजीवी जनताको जीवनस्तरमा सुधार, समृद्धि र समुन्नत बनाउने ।

१०. चुरे क्षेत्र अर्थात चुरे पर्वत श्रृङ्खला (शिवालिक वा चुरीया) विनाशका कारण, यस क्षेत्रमा भइरहेको अतिक्रमणका साथै अनियन्त्रित एवं अवैध रूपमा वन फडानी, उत्खनन् गरी गिट्टी, ढुङ्गा

र बालुवाको निर्यातले गर्दा बढ्दो पर्यावरणीय प्रभाव, जलस्रोतको कमी, जैविक विविधताको ह्रास, कृषि उत्पादनमा कमी, पूर्वाधारमा क्षति, जलवायु परिवर्तन भई तराई/मधेश क्षेत्रमा मरूभूमिकरण भइरहेको छ । अतः तराई/मधेशलाई मरूभूमिकरण हुनबाट जोगाउन आवश्यक कार्यहरू गर्ने ।

११. जलवायु परिवर्तन, वातावरणीय प्रदूषण र प्राकृतिक विपद्का कारण उत्पन्न भएका नकारात्मक असरहरूलाई नियन्त्रण, जैविक विविधता र पर्यावरणको संरक्षण गर्न ।

१२. समावेशी लोकतन्त्र र सामाजिक न्यायको हक सुनिश्चितताका लागि नेपालको संविधानको धारा ४२ को भावना अनुकूल कानुन निर्माण र कानुन संशोधन गरी सामाजिक न्यायको प्रत्याभूति गराउन ।

१३. सरकारी कामकाजी भाषाको रूपमा कायम रहेको एकल भाषिक नीति र व्यवहारलाई अन्त्य गरी बहुभाषिक नीति लागू गरी सबै राष्ट्रिय भाषाहरू सूचीकृत गरी सरकारी कामकाजी भाषाको रूपमा मान्यता दिई समान भाषिक नीति लागू गराउन । सबै स्थानीय बोली र मातृभाषाको विकास गर्न नेपालमा बोलिने सबै मातृभाषाहरूलाई राष्ट्रभाषाकै समान हैसियत प्रदान गरिनुपर्दछ । मातृभाषाहरूको मान्यता र भाषिक समानताको प्रत्याभूति गरिनुपर्दछ । सबै भाषाको समान संरक्षण राज्यले नै गर्नुपर्दछ । विगतको एक भाषिक नीतिले गर्दा नेपाली बाहेकका भाषा-भाषीहरूले आर्थिक, सामाजिक, राजनैतिक रूपमा विभेद खेप्नुपरेको छ । प्रत्येक समुदायले आफ्नो मातृभाषामा शिक्षा पाउने अधिकार मौलिक हक हो, यसको व्यवहारतः प्रयोगको दायित्व राज्यको हो ।

१४. नेपालको वर्तमान संविधान अपूर्ण, अधूरो, विभेदकारी र त्रुटिपूर्ण रहेकोले सबै समुदायले स्वामित्व ग्रहण गर्न सक्ने गरी उनीहरूको पहिचान, स्वशासन, अधिकार र प्रतिनिधित्वको सुनिश्चित हुने गरी समयसापेक्ष रूपमा संशोधन एवं परिमार्जन तथा पुनरलेखन गर्न/गराउन ।

१५. नेपालमा सीमान्तकृत समुदायहरू खासगरी-दलित, अन्य पिछडावर्ग, थारू, आदिवासी जनजाति, अल्पसङ्ख्यक समुदायलगायतका उत्पीडित जात, जाति र समुदायहरूको आर्थिक असमानता र गरिबी, शैक्षिक पछौटेपन, सामाजिक भेदभाव र छुवाछूत, राजनीतिक प्रतिनिधित्वको अभाव, स्वास्थ्य सेवामा पहुँचको अभाव, जग्गा र आवासको समस्या, लैङ्गिक असमानता र महिला उत्पीडन, संस्कृति र भाषाको ह्रास र कानुनी न्यायको अभावको अन्त्य गरिनुपर्दछ । राज्यका सबै संरचनामा समानुपातिक प्रतिनिधित्वको हक, सार्वजनिक सेवामा आरक्षण र उपस्थितिको हक, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षामा विशेष अधिकार, भूमि र प्राकृतिक स्रोतसाधनसम्बन्धी हकको व्यवस्था गरिनुपर्दछ । सरकारी तथा अर्द्धसरकारी र गैरसरकारी क्षेत्रमा सरकारले प्रदान गर्ने सबै प्रकारका प्रतिनिधित्व र सरकारी नोकरी तथा सेवाहरूमा यी समुदायहरूका लागि कम्तिमा ६० प्रतिशत आरक्षण कोटा निर्धारण गरिनुपर्दछ । राष्ट्रिय जनगणना र राष्ट्रिय मानव विकास सूचकाङ्कको आधारमा अल्पसङ्ख्यक र सीमान्तकृत समुदायको सूचीकरण गरिनुपर्दछ ।

१६. सबैका लागि निःशुल्क गुणस्तरीय शिक्षा, व्यावसायिक प्रशिक्षण, स्वास्थ्य सेवामा पहुँच, रोजगारी, आवास र सामाजिक सुरक्षाको प्रत्याभूति सरकारले गराउनुपर्दछ ।

१७. राजनीतिक स्थिरता, लोकतन्त्र र शासन प्रणाली, न्यायप्रणाली र प्रशासनिक संरचनामा सुधार गरी भ्रष्टाचार, ढिलासुस्ती, कमिशनतन्त्र, बिचौलियातन्त्र र लुटतन्त्रलाई नियन्त्रण गरी जनतालाई सुशासनको प्रत्याभूति गराउन ।

१८. देशमा कृषिको आधुनिकीकरण, जलस्रोत, सौर्य ऊर्जा, पर्यटन, उद्योग कलकारखानाको विकास गर्न आन्तरिक र बाह्य पुँजी र प्रविधि ल्याउन र लगानी गर्न लगानीमैत्री वातावरणको सिर्जना गरिनुपर्दछ ।

१९. गरिबी, बेरोजगारी, अशिक्षा र सामाजिक-आर्थिक पछौटेपनबाट जनतालाई मुक्ति दिलाउन सबैका लागि गुणस्तरीय शिक्षा, प्राविधिक प्रशिक्षण र तालिमको व्यवस्था सरकारले नै गर्नुपर्दछ ।

२०. विगतमा नेपाल सरकार र आन्दोलनकारी शक्तिहरू- मधेशी जनअधिकार फोरम, नेपाल, संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा बीच गरिएका २२ बूँदे र ८ बूँदे सम्झौताका साथै अन्य राजनीतिक दल/संगठन र सरकारबीच गरेका सहमति, सम्झौताहरू तत्काल कार्यान्वयन गराउन ।

२१. जनआन्दोलन, मधेश जनविद्रोह र आन्दोलन, थरूहट, किरात- लिम्बुवान, आदिवासी जनजाति आन्दोलनलगायतका आन्दोलनहरूको कारण विभिन्न दल र संगठनका आन्दोलनकारीहरूमाथि लगाएका मुद्दाहरूको खारेजी र राजबन्दीहरूको रिहाई गराउन ।

२२. ऐतिहासिक मधेश जनविद्रोह, जनआन्दोलन, थरूहट आन्दोलनलगायतका आन्दोलनहरूमा शहादत प्राप्त गरेका तर शहीद घोषणा हुन बाँकी रहेका शहीदहरूलाई शहीद घोषणा गराउन र शहीद परिवार तथा अङ्गभङ्ग भएका आन्दोलनकारीहरूलाई भरणपोषणको व्यवस्था गराउन ।

२३. विपन्न वर्ग तथा अति सीमान्तकृत दलित र महिलाहरूका लागि निःशुल्क शिक्षा, प्राविधिक तालिम र विशेष छात्रवृत्तिको व्यवस्था सरकारले गर्नुपर्दछ ।

२४. अन्य पिछडावर्गलाई सूचीकृत गरी समावेशी र सामाजिक न्यायको प्रत्याभूति गराउन आवश्यक कानुन निर्माण गराउन ।

२५. महङ्गी नियन्त्रण गर्न आपूर्ति व्यवस्थामा सुधार गरी बजार नियन्त्रण, मूल्य निर्धारणलगायत आवश्यक कार्यहरू गराउन ।

२६. दैनिक उपभोग्य वस्तुहरूको आपूर्ति सहज र पर्याप्त मात्रामा गर्ने, कालोबजारी, कृत्रिम अभाव सिर्जना गर्ने र सोही अनुसार बिक्री वितरण गर्ने/गराउनेहरूलाई कानुनी कारबाही गर्ने ।

२७. भारतीय सीमासँग जोडिएका नाकाबाट दैनिक उपभोगका वस्तुहरू ल्याउन कम्तिमा रू ५०, ०००/ (अक्षरेपी पचास हजार रूपैयाँ) सम्मको सामान भन्सार छुटको व्यवस्था गराउन ।

२८. महिला र दलित समुदायका लागि प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहमासमेत महिला अथवा दलित उम्मेदवारहरूबीच मात्र प्रतिस्पर्धा हुने गरी उनीहरूका लागि पृथक निर्वाचन क्षेत्र नै आरक्षित गरिनुपर्दछ । यसका अतिरिक्त सकारात्मक विभेदको संवैधानिक र कानुनी व्यवस्था गराउन ।

२९. मानव तस्करी तथा वेचविखन (Human Trafficking) एउटा संगठित अपराध हो । वेश्यावृत्ति एवं देहव्यापार, बँधुवा मजदुरी, जबरन मजदुरी (Forced labour), बेठबेगारी, कमैया, हलिया, बालमजदुरी, जबरजस्ती बिबाह, यौन शोषण आदि आधुनिक दासप्रथा हुन्, एक खालको अपराध पनि हो, यसलाई अन्त्य गरिनु पर्दछ । आधुनिक गुलामी तथा दास प्रथा एक जटील सामाजिक अभिशाप हो । यसलाई समाप्त गर्न सबैको सहयोग र संवेदनशीलता आवश्यक छ । नेपालमा आधुनिक गुलामी (आधुनिक दास) को समास्याले दलित, आदिवासी जनजाति, थारू, बादी, आप्रवासी श्रमिक, महिला तथा बालवालिका, नागरिकता विहीन व्यक्तिहरू सबैभन्दा बढि प्रभावित रहेका छन् । नेपालमा ९०% भन्दा बढी अल्पसङ्ख्यक समुदाय अथवा दलित समुदाय दास वा अर्द्धदासका रूपमा रहेका छन् । यो प्रथा उन्मूलन गरी सबैका लागि शिक्षा, स्वास्थ्य उपचार, रोजगार र आवासको व्यवस्था राज्यले नै गर्नुपर्दछ ।

३०. संविधानको धारा ५६ को (५) बमोजिम जातीय, भाषिक तथा साँस्कृतिक अल्पसङ्ख्यक समुदायका लागि स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र तथा विशेष क्षेत्रको निर्धारण गरी कार्यान्वयन गराउन ।

३१. सामाजिक न्यायको अवधारणाका मुख्य आधारहरू - जात,जातिका आधारमा उचनीचको भावना हटाउनु, लैङ्गिक असमानताको अन्त्य, धार्मिक विभेद र भेदभावको अन्त्य, भूमि र सम्पत्तिको सम्मान वितरण, महिलालाई अंश र वंशमा समान अधिकार, छुवाछूत प्रथाको उन्मूलन आदि हुन्

। यसर्थ महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, अल्पसङ्ख्यक समूह, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत समुदाय, अन्य पिछडावर्ग, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, भूमिहीन सुकुमबासी आदिलाई सामाजिक तथा आर्थिक न्यायको प्रत्याभूति गराउन प्रयत्नरत रहने ।

**३२.** राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक रूपमा सीमान्तकृत एवं बहिष्करणमा परेका/पारिएका उत्पीडित, उपेक्षित रहेका समुदायहरूबीच एकता र सहकार्य गर्ने ।

**३३.** एक मानवद्वारा अर्को मानवमाथि, एउटा सामाजिक समुदायद्वारा अर्को समुदायमाथि, एउटा जात, जातिद्वारा अर्को जात, जातिमाथि, एउटा वर्गद्वारा अर्को वर्गमाथि हुने गरेको शोषण, उत्पीडन र विभेदको अन्त्य तथा एकता, स्वतन्त्रता र न्यायको स्थापना गराउन ।

**३४.** उन्नत जीवन सबैका लागि (Quality life for all) तथा सामाजिक र आर्थिक समानता, उन्नत जीवन, सबैको लागि जस्ता मान्यतालाई स्थापित गराउन ।

**३५.** भोकमरी, गरिबी, बेरोजगारी, असमानता र विभेदको अन्त्य गरी समता, सम्पन्नता, स्वतन्त्रता र सामाजिक न्यायको स्थापना गराउन ।

प्रस्तुतकर्ता
**उपेन्द्र यादव**